**लुम्बिनी बौद्ध विश्वविद्यालय**

**केन्द्रीय कार्यालय**

**लुम्बिनी, रुपन्देही**

# Supply and installation of Computer Lab Equipment's for City Campus, Butwal **खरिद गर्ने बारेको सिलबन्दी सम्बन्धी दरभाउ-पत्र आह्वानको सूचना**

सूचना नं. ०१/०८२।०८३

प्रथम पटक प्रकाशित मिति : २०८२।०८।२१

लुम्बिनी बौद्ध विश्वविद्यालय सिटी क्याम्पस बुटवलको कम्प्युटर ल्याबका लागि कम्प्युटर तथा अन्य उपकरण खरिद गर्नुपर्ने भएको हुँदा सो कार्य गर्न सक्ने योग्य ईच्छुक फर्म/कम्पनीबाट तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु :

१ सूचना प्रकाशित भएको मितिले १५ औँ दिनसम्म कार्यालय समयभित्र अद्यावधिक नवीकरण भएको इजाजतपत्र, आ.व.०८१/०८२ को कर चुक्ता प्रमाण-पत्र, आयकर तथा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा एभरेष्ट बैंक लुम्बिनीमा रहेको Lumbini Buddhist University Fund नामको खाता नं. ०४१००१०५२००३१२ मा रु. १०००।- (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर संलग्न राखी निवेदन दिएमा यस विश्वविद्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

२ दरभाउपत्रदाताले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औँ दिनको १२:०० बजेसम्म यस विश्वविद्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नु पर्नेछ। यसरी दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरू दाखिला गर्ने अन्तिम दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन।

३ दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

४ दरभाउपत्रको मान्य अवधि ४५ (पैंतालिस) दिनको हुनेछ। प्रत्येक दरभाउपत्र साथ दरभाउपत्र जमानत रकम वापत् रु. ३५,०००।- (अक्षरेपी पैतिस हजार मात्र) यस विश्वविद्यालयको नाममा जारी भएको विडबण्ड वा लुम्बिनी बौद्ध विश्वविद्यालयको नाममा लुम्बिनी, रुपन्देहीमा रहेको माछापुच्छ्रे बैंकको खाता नं. १५३००८८०३८२०००११ मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न हुनु पर्नेछ। विडवण्डको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ दिनसम्मको मान्य अवधि (validity Period) भएको हुनुपर्नेछ।

५ दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नु पर्नेछ। अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।

६ दरभाउपत्रमा दाखिला हुने सामानको वारेन्टी वा ग्यारेन्टी अवधि खुलाउनुपर्नेछ।

७ रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

८ प्राप्त सिलवन्दी दरभाउपत्रहरू पूरा वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार यस विश्वविद्यालयमा सुरक्षित रहनेछ।

९ BOQ मा उल्लेख भएको आइटमको दररेट भरी नआएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

१० तोकिएको गुणस्तर बमोजिमको मालसामान आपूर्ति नगरेमा त्यस्तो सामानहरु स्वीकार गरिने छैन।

११ एक पटक पेश भएको शिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन।

१२ स्वीकृत दरभाउपत्रदातासँग सम्झौता भएपछि अस्वीकृत दरभाउपत्रदाताहरूको धरौटी फिर्ता गरिनेछ।

१३ सिलवन्दी दरभाउपत्रसाथ आफ्नो फर्म वा कम्पनीको अध्यावधिक नवीकरण इजाजतपत्र, आ.व. ०८१/०८२ को करचुक्ता वा सो अवधिसम्मको म्याद थप प्रमाण-पत्र, आयकर दर्ता तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रहरूको प्रतिलिपि पेश गर्नु पर्नेछ।

१४ दरभाउपत्र फाराममा दरभाउपत्रदाताको सही छाप हुनु पर्नेछ।

१५ सिलवन्दी दरभाउपत्र फारामको सिलवन्दी खाममा "कम्प्युटर तथा अन्य उपकरण खरीद सम्बन्धी दरभाउपत्र" भनी उल्लेख गर्नु पर्नेछ। साथै दरभाउपत्रदाताको नाम, ठेगाना, फोन तथा छाप लागेको हुनु पर्नेछ।

१६ यसमा उल्लेख भएका कुराको हकमा यसै बमोजिम र नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र लुम्बिनी बौद्ध विश्वविद्यालय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०७४ एवं प्रचलित ऐन नियम बमोजिम हुनेछ।